नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

SitRep
#४५

२१ साउन २०७७

| २०७७ बैशाख १ देखि साउन २० गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| १७७ | ४४ | १४५ | ७ | १२ | ३ | ४७ | ० | १६१ | **२३१** | **५६** | **३०९** |
| **२०७७ जेठ ३० मनसुन सुरु भएदेखि साउन २० गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण** | | | | | | | | | | | |
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| १७५ | ४४ | १४४ | ५ | ११ | १ | १७ | ० | ४२ | **१९७** | **५५** | **१८७** |

# दैनिक विपद् बुलेटिन

२० साउन विहान १०:०० बजेदेखि २१ साउन बिहान १०:०० बजेसम्म

**नेपाल**मा विभिन्न जिल्लामा गरेर ३ स्थानमा **आगलागी,** २ स्थानमा **पहिरो,** १ स्थानमा **बाढी,** १ स्थानमा **चट्याङ्ग,** १ स्थानमा **जंगली हात्तीको आक्रमणका** घटना घटेका छन् । यी घटनामा परेर ८ जनाको **मृत्यु,** १ जना **घाईते** भएका छन् ।

| मृत्यु संख्या | हराएको | घटना संख्या | घाइते | अनुमानित क्षति रु | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| ८ | ० | ८ | १ | २०,६६,९०० | ० | १ |

## घट्ना सारांश

- **मुलुकभर** गएको २४ घण्टामा विपद्का ८ वटा घट्ना भएका छन् ।
- **सिन्धुपाल्चोक**को मेलम्ची नगरपालिका वडा नं ११ स्थित गैराबगरमा साउन १९ गते गएको **पहिरो**मा परी निर्माणाधिन **कबडहलमा काम** गर्ने लेवर बस्ने जस्ताले छाएको टहरो आधा भाग पुरिई बेपत्ता भएका ८ **जनाको शब** फेला ।१ जना **घाईते** ।
- **पाँचथरको** फाल्गुनन्द गाउँपालिका वडा नं ६ फागुस्थित एक घरदेखि माथिबाट **पहिरो** आई घरको वालमा क्षती हुनुका साथै माटो घरभित्र पसी बस्न नमिल्ने गरि क्षति । फालेलुङ गाउँपालिका वडा नं ५ लुदिनका एक व्यक्तिले लगाएको १५०० वटा अलैची विरुवाहरु **पहिरो** आई पुरी **१ लाख २५ हजार** रुपैंया बराबरको क्षति । वडा नं ७ सिदिनका ७ जनाका अलैची वारी र मानिस आवत-जावत गर्न बनाईएको २ वटा काठे पुल अविरल वर्षाको कारण खावे खोलामा आएको **बाढी**ले बगाउँदा **१४ लाख ५० हजार** रुपैंया बराबरको क्षति ।
- **सुनसरी**को धरान उपमहानगरपालिका वडा नं १३ स्थित एक घरमा मैनबत्तीबाट आगो सल्किई **आगलागी** हूँदा घर, घरमा रहेको भाडावर्तन, अन्नपात गरि **२ लाख ५० हजार** रुपैंया बराबरको क्षति । कोशी गाउँपालिका वडा नं ८ मा कोशीटप्पु बन्यजन्तु आरक्षणबाट आएका **जंगली हात्ती**हरुले तिनवटा घरको बेरा भत्काई घरभित्र रहेको अन्नपात खाई **१ लाख** रुपैंया बराबरको क्षति ।

## घट्ना सारांश...

- **काठमाण्डौ**को काठमाडौं महानगरपालिका वडा नं ३१ कात्यानी चोकस्थित एक दुनोट पसलमा ग्यास लिक भई अचानक **आगलागी** हुँदा सम्पुर्ण सामानहरु जलि **७६ हजार ९ सय** रुपैंया बराबरको क्षति ।
- **ओखलढुङ्गा**को चम्पादेवि गाउँपालिका वडा नं ६ घोराखरीस्थित एक गोठमा अबिरल बर्षासंगै परेको **चट्याङ्ग**का कारण बाँधी राखेको १ ओटा गाईको मृत्यु भई टिभी, एम्सिबि, बाईरिङ समेत जलि क्षति हुँदा **६५ हजार** रुपैंया बराबरको क्षति ।
- **नवलपरासी पश्चिम**को बर्दघाट नगरपालिका वडा नं ४ शिवालय टोलस्थित एक मसला उधोगमा अचानक बिजुलीको तार सर्ट भई **आगलागी** हुँदा मेशिनरी सामान लागायत उत्पादित सामाग्रीहरु जली नष्ट । क्षतिको बिबरण आउन बाँकी ।

## प्रतिकार्य

- सुरक्षा निकायको टोलीबाट पहिरोमा परी घाइते भएका व्यक्तिको उद्धार गरी उपचारका लागि नजिकैको स्वास्थ्य उपचार केन्द्र पठाइएको, स्थानीयको सहयोगमा आगलागी नियन्त्रणमा लिइएको ।

## बाढी पूर्वानुमान

श्रावण-२१ (बुधबार) (विहान ७ बजे  देखि २४ घण्टा)

- आज कोशी, नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव केही घटबढ हुने तथा सबैमा बहाव सतर्कता भन्दा तलै हुने। आज नारायणी र यसका सहायक नदीमा बहाब उल्लेख्य बढ्ने र केही स-साना सहायक नदीमा आकस्मिक बहाब हुन सक्ने।
- आज कन्काई, कमला, बागमती, पश्चिम राप्ती, बबई र यसका सहायक नदीमा सामान्य घटबढ हुने र सतर्कता तह भन्दा तलै हुने । आज कन्काई, तिनाउ, पश्चिम राप्ती, बबईका केही स-साना नदीमा बहाब उल्लेख्य बढ्ने तर सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ।
- आज झापा, सङ्खुवासभा, धनुषा, महोतरी, सर्लाही, मकवानपुर, सिन्धुपाल्चोक, दोलखा, रामेछाप, नुवाकोट, काठमाण्डौ उपत्यका, रसुवा, गोरखा, धादिङ, लम्जुङ, तनहूँ, स्याङजा, कास्की, म्याग्दी, बाग्लुङ, पर्वत, गुल्मी, पाल्पा, कपिलवस्तु, नवलपरासी, रुकुम, रोल्पा, सल्यान, जाजरकोट, सुर्खेत र आसपास भई बहने साना नदीमा बहाव बढ्ने र केही साना नदीमा आकस्मिक बहाव हुन सक्ने पूर्वानुमान रहेको छ ।

नोट: पहेलो रङ्लेमध्यम जोखिम रहेको संकेत गर्छ। रातो रङ्ले उच्च जोखिमको संकेत गर्छ।

थप जानकारीका लागि जल तथा मौसम विज्ञान विभागको वेभसाइटः http://hydrology.gov.np/

## वर्षाको सारांश

साउन २० गते बिहान ०८:४५ बजे देखि साउन २१ गते ०८:४५ बजे सम्म

आज मिति २०७७/०४/२१ गते बिहान ०८:४५ बजे १६६ वटा वर्षा मापन केन्द्रहरु (मानब संचालितः ६८ र स्वचालितः ९८) मा मापन गरिएको वर्षाको विवरण अनुसार १३४ वटा केन्द्रहरुमा वर्षा भएको छ (चित्र १)। उक्त केन्द्रहरु मध्ये सबै भन्दा बढि वर्षा (१०९.४ मि. मी.) मकवानपुर जिल्लाको मकवानपुरगढी केन्द्रमा मापन गरिएको छ। वर्षा मापन भएका केन्द्रहरु मध्ये २ वटा केन्द्रमा १०० मि. मी. भन्दा बढि, ६ वटा केन्द्रमा ५० मि. मी. भन्दा बढि, ३० वटा केन्द्रमा २५ मि. मी. भन्दा बढि र ७७ वटा केन्द्रमा १० मि. मी. भन्दा बढि वर्षा मापन भएको छ।




चित्र १: दैनिक वर्षा (छायांकित रंग) तथा केन्द्रको अवस्थिती (गोलाकार संकेत)

**वर्षा तथा जलवायु सम्बन्धि थप जानकारीको लागि [www.dhm.gov.np/climate/](http://www.dhm.gov.np/climate/)मा हेर्नुहोस।**